# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४९) काठमाडौं, साउन २४ गते २०५६ साल (संख्या १७

## भाग ३

श्री ५ को सरकार

### स्थानीय विकास मन्त्रालयको सूचना

#### स्थानीय विकास शुल्क कोष नियमावली, २०५६

आर्थिक ऐनद्वारा सालबसाली रूपमा लगाईने स्थानीय विकास शुल्कसम्बन्धी कोषको व्यवस्थापन गर्न, प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०१३ को दफा २ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "स्थानीय विकास शुल्क कोष नियमावली, २०५६" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा, –

(क) "कोष" भन्नाले नियम ३ बमोजिम स्थापना भएको स्थानीय विकास शुल्क कोष सम्झनु पर्छ।

(ख) "स्थानीय विकास शुल्क" भन्नाले सालबसाली आर्थिक ऐनमा व्यवस्था भएबमोजिमको स्थानीय विकास शुल्क सम्झनु पर्छ।

(ग) "समिति" भन्नाले नियम ६ बमोजिम गठन भएको कोष संचालक समिति सम्झनुपर्छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. कोषको स्थापना : (१) स्थानीय विकास शुल्क कोष नामको एक कोषको स्थापना गरिएको छ ।

(२) उपनियम (१) बमोजिमको कोषमा देहायका रकमहरू रहनेछन्:–

(क) श्री ५ को सरकारबाट प्राप्त हुने रकम,
(ख) नियम ४ बमोजिम प्राप्त हुने रकम,
(ग) अन्य कुनै स्रोतबाट प्राप्त हुने रकम ।

४. कोषमा रकम जम्मा गर्ने : (१) नेपाल अधिराज्यका भन्सार कार्यालयहरूबाट सालबसाली आर्थिक ऐनबमोजिम लगाईने स्थानीय विकास शुल्क उठाई सो रकम कोषमा जम्मा गरिनेछ ।

(२) उपनियम (१) बमोजिम कोषमा रकम जम्मा गर्ने कर्तव्य स्थानीय विकास शुल्क उठाउने कार्यालय प्रमुखको हुनेछ ।

(३) श्री ५ को सरकारले तोके बमोजिमको रकम अर्थ मन्त्रालयले कोषमा अग्रीम रूपमा जम्मा गरिदिनेछ । समितिले उक्त रकम कोषबाट पछि सोधभर्ना गर्नुपर्नेछ ।

(४) उपनियम (१) र (२) बमोजिम कोषमा रकम जम्मा गर्ने कार्यविधि समितिले तोके बमोजिम हुनेछ ।

५. कोषको प्रयोग : कोषमा जम्मा भएको रकम नगरपालिका, गाउँ विकास समिति तथा जिल्ला विकास समितिद्वारा सञ्चालित विकास निर्माण कार्यको लागि खर्च गर्ने गरी वितरण गरिनेछ ।

६. कोष संचालक समिति : (१) नियम ५ बमोजिम रकम विनियोजन गर्न तथा विनियोजित रकमबाट संचालित कार्यको अनुगमन गर्नको लागि देहायबमोजिमको एक संचालक समिति गठन हुनेछ :–

| | |
|---|---|
| (क) सचिव, स्थानीय विकास मन्त्रालय, | अध्यक्ष |
| (ख) प्रतिनिधि, (राजपत्राङ्कित प्रथम श्रेणी) अर्थ मन्त्रालय | सदस्य |
| (ग) सहमहालेखा नियन्त्रक, महालेखा नियन्त्रक कार्यालय | सदस्य |
| (घ) प्रतिनिधि, नेपाल नगरपालिका संघ | सदस्य |
| (ङ) स्थानीय विकास मन्त्रालयले तोकेको अधिकृत | सदस्य-सचिव |

(२) समितिले आफ्नो कार्यविधि आफै व्यवस्थित गर्न सक्नेछ ।

(३) समितिको अध्यक्ष तथा सदस्यहरूले समितिको बैठकमा भाग लिए बापत अर्थ मन्त्रालयको स्वीकृति लिई समितिले तोकिदिए बमोजिमको बैठक भत्ता पाउनेछन् ।

(४) समितिको कार्य संचालन गर्न र कोषको उपयोग सम्बन्धमा अनुगमन गर्न आवश्यक पर्ने जनशक्ति र बजेट समितिले स्वीकृत गरे बमोजिम हुनेछ ।

...रिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) उपनियम (४) को प्रयोजनको लागि समितिले स्वीकृत गर्ने बजेटको अधिकतम हद कोषको कुल रकमको एक प्रतिशत भन्दा बढी हुनेछैन ।

७. कोषको व्यवस्था र संचालनः (१) यस नियमावली बमोजिम कोषमा जम्मा हुने रकम समितिले तोकिदिएको बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(२) उपनियम (१) बमोजिम खोलिएको खाताको संचालन समितिले तोकेको कुनै पदाधिकारी र सदस्य सचिवको संयुक्त दस्तखतबाट हुनेछ ।

(३) कोषमा जम्मा भएको रकम मध्येबाट समितिले तोके बमोजिमको रकम बचत गरी जगेडा कोषको रूपमा राख्न सक्नेछ र त्यस्तो रकम समितिले कुनै प्राकृतिक प्रकोप वा अन्य आकस्मिक कार्यको निमित्त खर्च गर्न सक्नेछ ।

८. कोषको विवरणः (१) कोषमा जम्मा भएको रकम समितिले निर्धारण गरेको मापदण्ड र प्रक्रियाको आधारमा वितरण गरिनेछ ।

(२) उपनियम (१) बमोजिम कोषको रकम वितरण गर्दा आर्थिक वर्ष २०५४।५५ मा सम्बन्धित नगरपालिकाले चुंगीकरबाट आर्जन गरेको आम्दानी भन्दा कम नहुने गरी वितरण गर्नु पर्नेछ ।

(३) यो नियम प्रारम्भ भएपछि नयाँ गठन हुने नगरपालिकाको लागि समेत यस नियमावली बमोजिमको रकम उपलब्ध गराइनेछ । त्यसरी उपलब्ध गराइने रकम सबै भन्दा कम निकासा पाउने नगरपालिकाले प्राप्त गर्ने रकम भन्दा कम हुनेछैन ।

९. परामर्श लिन सक्नेः समितिले यस नियमावली बमोजिम आफ्नो कार्य सम्पादन गर्दा सम्बन्धित क्षेत्रका उपयुक्त सम्झेका व्यक्ति वा निकायसंग परामर्श लिन सक्नेछ ।

१०. लेखा र लेखापरीक्षणः (१) कोषको आय-व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।

(२) कोषको लेखापरीक्षण महालेखा परीक्षकको विभागबाट हुनेछ ।

११. सहयोग गर्नु पर्नेः समितिको कार्य सम्पादनको सिलसिलामा सम्बन्धित सबै सरकारी कार्यालय तथा संस्थाहरूले समितिलाई आवश्यक सहयोग गर्नु पर्नेछ ।

१२. श्री ५ को सरकारसंग सम्पर्कः समितिले श्री ५ को सरकारसंग सम्पर्क राख्नु पर्दा स्थानीय विकास मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

१३. अधिकार प्रत्यायोजनः समितिले यस नियमावली बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार समितिको अध्यक्ष, सदस्य, सदस्य सचिव वा स्थानीय विकास मन्त्रालयका अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

आज्ञाले,
उदयराज सोती
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग ४

## महालेखा परीक्षकको विभागको सूचना

श्री ५ को सरकारको मिति २०५६।३।१७ को निर्णयानुसार नेपाल प्रशासन सेवा, लेखा समूह, महालेखा नियन्त्रक कार्यालयका राजपत्राँकित द्वितीय श्रेणीका उप-सचिव श्री बद्रिबहादुर कार्कीलाई लेखापरीक्षण सेवाको राजपत्राँकित द्वितीय श्रेणीको निर्देशक पदमा सेवा परिवर्तन गरी महालेखा परीक्षकको विभागमा पदस्थापन गरिएको छ ।

आज्ञाले,
बच्चुराम दाहाल
नायब महालेखा परीक्षक



मुद्रण विभाग, सिंहदरवार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार

१०४